मिति २०८१।०७।५ गते नायब महान्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले वस्तुनिष्ठ प्रमाणको आधारमा बिगो तथा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको दाबी लिने मापदण्ड सहितको निर्देशिका तयार गर्ने सम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन, २०८१ माननीय महान्यायाधिवक्ता रमेश बडालज्यू समक्ष पेश गर्नुभयो। सोही क्रममा अध्ययन कार्यदलका संयोजक नायब महान्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले प्रतिवेदनको कार्यकारी सारांश प्रस्तुत गर्नु भएको थियो। कार्यकारी सारांश प्रस्तुत पश्चात माननीय महान्यायाधिवक्ताज्यूले पेश गरिएको अध्ययन प्रतिवेदनमा टिपण्णी गर्दै सो प्रतिवेदन सरकारी वकील, कानून व्यवसायी, न्यायाधीश लगायत कानून क्षेत्रसँग सम्बन्धित विषय विज्ञले सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न सक्ने बताउनु भयो। माननीय महान्यायाधिवक्ताज्यूले अल्पकालीन उपायको रुपमा वस्तुनिष्ठ प्रमाणको आधारमा बिगो तथा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको दाबी लिनका लागि निर्देशिका बनाउने र दीर्घकालीन उपायको रुपमा संसदबाट कानूननै पास गरी प्रतिवेदन कार्यान्वयन गर्ने बताउनु भयो। मिति २०८१।०७।७ गते प्रतिवेदनको बिगो निर्धारणका सम्बन्धमा नेपाल बार एसोसिएशन, अदालतका प्रतिनिधि, अनुसन्धान निकायका प्रतिनिधि र अन्य सरोकारवाला निकायसँग छलफल गरी बिगो निर्धारण सम्बन्धी निर्देशिकाको मस्यौदालाई अन्तिम रुप दिने कार्यतालिका रहेको छ। वस्तुनिष्ठ प्रमाणको आधारमा बिगो तथा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको दाबी लिने मापदण्ड सहितको निर्देशिका तयार गर्ने सम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन, २०८१ महान्यायाधिवक्ता कार्यालयको वेभसाइटबाट हेर्न सकिन्छ।

## वस्तुनिष्ठ प्रमाणको आधारमा बिगो तथा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको दाबी लिने मापदण्ड सहितको निर्देशिका तयार गर्ने सम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन, २०८१ को कार्यकारी सारांश

१. माननीय महान्यायधिवक्ता श्री रमेश बडालज्यूको पद बहाली गरेको मिति २०८१/०४/०३ को पहिलो निर्णयानुसार नेपाल सरकार वादी भई चलाइने फौजदारी मुद्दाहरुमा अभियोगपत्र दायर गर्दा वस्तुनिष्ठ, ठोस, निश्चयात्मक एवं वैज्ञानिक प्रमाणको आधारमा यकिन बिगो तथा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको दाबी लिने सम्बन्धमा मापदण्ड सहितको निर्देशिकाको मस्यौदा तयार गर्नका लागि नायब महान्यायाधिवक्ता श्री खेमराज ज्ञवालीको संयोजकत्वमा अध्ययन कार्यदल गठन भएको थियो। सो कार्यदलको सदस्यमा सहन्यायधिवक्ता ध्रुव कुमार चौहान, फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्र बहादुर सिंह, प्रहरी प्रधान कार्यालयका प्र.व.उ नविन राज राई, उपन्यायधिवक्ताहरु रुद्र प्रसाद सुवेदी, प्रकाश घिमिरे अमित उप्रेती र सहायक न्यायधिवक्ताहरु दीपिका गजुरेल, सागर बराल र कम्प्युटर अपरेटर नारायण स्वर्णकार रहनु भएको थियो।

२. कार्यदलको कार्यदिशमा बिगो तथा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण गरी दाबी लिनेसँग सम्बन्धित समस्याहरुको पहिचान तथा सुझाव संकलन गर्ने, नमूना अभियोगपत्रको जाँच गर्ने, Focus Group Discussion (FGD's) गर्ने, विज्ञहरुसँग अन्तरक्रिया गर्ने, सर्वोच्च अदालतबाट भएका फैसला र प्रतिपादित

सिद्धान्त तथा निर्देशनात्मक आदेशहरुको अध्ययन एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन गर्ने, सन्दर्भ साहित्य सामग्री (Literature Review) को अध्ययन गर्ने साथै नीतिगत, कानूनी, संरचनागत र कार्यविधिगत अल्पकालीन र दीर्घकालीन सुझाव दिने समेत रहेको थियो।

३. कार्यदलले तयार पारेको प्रतिवेदनमा जम्मा ५ परिच्छेदहरु र ६ अनुसूचीहरु छन्। परिच्छेद १ प्रारम्भिक र परिच्छेद २ सन्दर्भ सामाग्रीको अध्ययनलाई समेटेको छ।

४. परिच्छेद ३ फौजदारी न्यायमा बिगो निर्धारण अन्तर्गत बिगोको परिचय र महत्त्व, बिगो सम्बन्धी सिद्धान्त, बिगोको प्रयोजन अनुसार कानूनी व्यवस्थाको समिक्षा तथा न्यायिक अभ्यास, महान्यायाधिवक्ताको कार्यालयबाट भएको प्रयासहरु, बिगो निर्धारणमा देखिएका समस्याहरु, समस्याको कारक तत्वहरुको विश्लेषण, समस्याको समाधानको लागि चाल्नुपर्ने कदम र बिगो निर्धारण गर्दा लिनु पर्ने आधारहरु उल्लिखित छन्।

५. अध्ययन प्रतिवेदनको परिच्छेद ४ मा क्षतिपूर्तिको परिचय, परिभाषा, महत्त्व, क्षतिपूर्ति सम्बन्धी सिद्धान्त, कानूनी व्यवस्था, न्यायिक अभ्यास, क्षतिपूर्ति सम्बन्धमा नमूना अभियोगपत्र/पुनरावेदन पत्रको अध्ययन, अन्तराष्ट्रिय कानून र अभ्यास, क्षतिपूर्ति निर्धारणमा देखिएका समस्याहरु, समस्याको कारक तत्वहरुको विश्लेषण, समस्या सम्बोधनको लागि चाल्नुपर्ने कदम र अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण गर्ने आधारहरु र बिगो, जरिबाना र क्षतिपूर्तिमा अग्राधिकार कसले पाउने र सोको औचित्य उल्लिखित छन्।

६. अध्ययन प्रतिवेदनको परिच्छेद पाँचमा निष्कर्ष र सुझाव अन्तर्गत बिगो निर्धारणलाई वस्तुनिष्ठ र प्रमाणमा आधारित बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्ताले अवलम्बन गर्नु पर्ने प्रक्रिया समेत निक्यौंल गरी निर्देशिका बनाउनु पर्ने, बिगो निर्धारणमा संवेदनशील बन्नको लागि अनुसन्धान अधिकृतलाई निर्देशन दिन प्रहरी महानिरीक्षक तथा सम्बन्धित अनुसन्धान निकायका प्रमुखबाट सूचना सम्प्रेषण गर्न लगाउनु पर्ने, अनुसन्धान अधिकृतले प्रारम्भिक योजना (अनुसन्धान मार्गचित्र) बनाई बिगो निर्धारणलाई समावेश गर्नु पर्ने, पहिलो पटक म्याद थपदेखि नै कसूरमा बिगो निर्धारणको दृष्टिकोणबाट बिचार गरी प्रारम्भिक योजना (अभियोजन मार्गचित्र) सरकारी वकीलले निर्माण गर्ने अभ्यास गर्नु पर्ने जस्ता सुझावहरु दिइएको छ। सोही परिच्छेदमा क्षतिपूर्ति निर्धारणलाई वस्तुनिष्ठ र प्रमाणमा आधारित बनाउन, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण गर्दा अनुसन्धानकर्ता तथा अभियोजनकर्ताले अवलम्बन गर्नु पर्ने प्रक्रिया समेत निक्यौंल गरी निर्देशिका बनाउनु पर्ने, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारणमा संवेदनशील बन्नको लागि अनुसन्धान अधिकृतलाई निर्देशन दिन प्रहरी महानिरीक्षक तथा सम्बन्धित अनुसन्धान निकायका प्रमुखबाट सूचना सम्प्रेषण गर्न लगाउनु पर्ने, अनुसन्धान अधिकृतले प्रारम्भिक योजना (अनुसन्धान मार्गचित्र) बनाई अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारणलाई समावेश गर्नु पर्ने, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्तिको दृष्टिकोणबाट बिचार

गरी प्रारम्भिक योजना (अभियोजन मार्गचित्र) सरकारी वकीलले निर्माण गर्नु पर्ने जस्ता सुझावहरु दिइएको छ।

७. यस प्रतिवेदको अनुसूचिहरु अन्तर्गत बिगो निर्धारण सम्बन्धी निर्देशिका, २०८१, अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण सम्बन्धी निर्देशिका, २०८१ को प्रारम्भिक मस्यौदाका साथै विगो निर्धारण सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधान, क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधान, मातहत सरकारी वकील कार्यालयहरुबाट प्राप्त विस्तृत सुझाव र नेपाल प्रहरी प्रधान कार्यालयबाट प्राप्त संस्थागत राय सुझाव राखिएको छ ।

८. अध्ययन प्रतिवेदनको अनुसूची-१ अन्तर्गतको बिगो निर्धारण सम्बन्धी निर्देशिका, २०८१ मा मुख्य रुपमा बिगो निर्धारण सम्बन्धी सामान्य सिद्धान्तहरु, बिगो निर्धारण प्रकृयामा पीडित र अभियुक्तको कर्तव्य तथा अनुसन्धानकर्ता र अभियोजनकर्ताले पालन गर्नु पर्ने प्रकृया, बिगो निर्धारण गर्दा लिनुपर्ने आधारहरु, बिगो निर्धारण संयन्त्र समेतको व्यवस्था गरिएको छ।

९. अध्ययन प्रतिवेदनको अनुसूची-२ अन्तर्गतको अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण सम्बन्धी निर्देशिका, २०८१ मा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण सम्बन्धी सामान्य सिद्धान्तहरु, पीडित, जाहेरवाला र जाहेरी प्रतिवेदकको कर्तव्य, अभियुक्तको कर्तव्य, अनुसन्धानकर्ता र अभियोजनकर्ताले अबलम्बन गर्नुपर्ने प्रक्रिया, क्षतिपूर्ति र अन्तरिम क्षतिपूर्ति निर्धारण गर्दा लिनु पर्ने आधारको व्यवस्था गरिएको छ।